# करार शिक्षक छनोटसम्बन्धी कार्यविधि, २०७९

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/१०/१५**

विगु गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयमा रिक्त हुने स्थायी दरबन्दी, राहत दरबन्दी, गाउँपालिका अनुदान, संघीय अनुदान, विद्यालय सहायक कर्मचारी अनुदान, प्रारम्भिक बालविकास केन्द्र अनुदान तथा विद्यालय सहयोगी अनुदानमा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक तथा कर्मचारी सिफारिस भई नआएसम्मका लागि करारमा शिक्षक तथा कर्मचारी नियुक्त गर्न वाञ्छनीय रहेकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२, उपदफा, २ मा व्यवस्था भएबमोजिमको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः**

१.यस कार्यविधिको नाम करार शिक्षक छनोट कार्यविधि, २०७९ रहेको छ ।

२.यो कार्यविधि विगु गाउँपालिकाभर लागु हुनेछ ।

३.यो कार्यविधि गाउँ कर्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क. प्राथमिक तह भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म सञ्चालित विद्यालयलाई सम्झनुपर्छ ।

ख. आधारभूत तह भन्नाले प्रारम्भिक बालकक्षादेखि कक्षा आठसम्म सञ्चालित विद्यालय सम्झनुपर्छ ।

ग. माध्यमिक तह भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म सञ्चालित विद्यालय सम्झनुपर्छ ।

घ. गाउँपालिका भन्नाले विगु गाउँपालिका सम्झनुपर्छ ।

ङ. विद्यालय भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

च. सामुदायिक विद्यालय भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

छ. संस्थागत विद्याललय भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

ज. शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

झ. कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

प्रारम्भिक बाल शिक्षा भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

ञ. परीक्षा भन्नाले सामुदायिक विद्यालयमा रिक्त रहेको स्थायी दरबन्दी, राहत दरबन्दी वा अनुदानमा पदपूर्ति गर्ने प्रक्रिया सम्झनुपर्छ ।

ट. करार शिक्षक भन्नाले सामुदायिक विद्यालयमा रिक्त रहेको स्थायी दरबन्दी तथा राहत दरबन्दीमा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस तथा पदस्थापन भई नआएसम्मको लागि नियुक्त शिक्षक सम्झनुपर्छ

प्राविधिक सहायक भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखामा काम गर्ने शिक्षा सेवाका कर्मचारीलाई सम्झनुपर्छ ।

ठ. अनुदान भन्नाले संघ, प्रदेश र गाउँपालिकाले करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति गर्ने प्रयोजनका लागि विद्यालयलाई प्रदान गरिएको शिक्षण सहयोग अनुदानलाई सम्झनुपर्दछ ।

**१. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः**

१.नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा विद्यालय व्यवस्थापन समितिले शिक्षा विकास तथा समन्वय इकाइ मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित भएको सूची प्राप्त गर्नुपर्नेछ ।

२.उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा रहेका उम्मेद्वारहरुमध्येबाट व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

३.उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेद्वार नरहेमा वा सूचीमा समावेश भएका उम्मेद्वारको शिक्षक पदमा नियुक्त हुन निवेदन नपरेमा देहायबमोजिम गठित शिक्षक छनोट समितिले करार शिक्षक छनोट प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

**२. करार शिक्षक छनोट समितिः**

सामुदायिक विद्यालयमा रिक्त रहेको स्वीकृत दरबन्दी, राहत दरबन्दी, प्रारम्भिक बालविकास केन्द्र, विद्यालय कर्मचारी, संघ प्रदेश र गाउँपालिका अनुदानमा करार शिक्षक छनोट गर्नुपरेमा देहायबमोजिमको छनोट समितिबाट हुनेछः

१. सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -संयोजक

२. शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख वा सो शाखाका शिक्षा सेवाका प्राविधिक सहायक - सदस्य

३. विषयगत विज्ञमध्येबाट शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो शाखाको प्रविधिक सहायकले तोकेको दुईजना -सदस्य

४. विद्यालयको प्रधानाध्यापक -सदस्य सचिब

करार शिक्षक छनोट समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

दफा(२) बमोजिम गठित समितिले लिखित, अन्तर्वार्ता तथा आवश्यक्ता अनुसार प्रयोगात्मक परीक्षा लिन सक्नेछ ।

दफा(२) बमोजिम गठित समितिले गर्ने परीक्षासम्बन्धी काममा खटिने विषयविज्ञ वा कर्मचारीले अनुसूची ३ मा व्यवस्था गरिएबमोजिमको पारिश्रमिक पाउनेछ ।

**३. विषय विज्ञको योग्यताः**

सामुदायिक विद्यालयमा रिक्त रहेको स्थायी दरबन्दी, राहत दरबन्दी, अनुदानमा करार शिक्षक तथा विद्यालय कर्मचारी छनोट गर्ने प्रयोजनका लागि देहायबमोजिम योग्यता भएका विषयविज्ञको सूची गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले अद्यावधिक गरी राख्नुपर्नेछः

१. माध्यमिक तहको शिक्षक छनोट गर्नुपर्ने भएमा शिक्षा शास्त्र सङ्कायबाट सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी सम्बन्धित तहमा स्थायी नियुक्ति भई परीक्षणकाल पूरा गरेको हुनुपर्नेछ ।

२. प्राथमिक र निम्न माध्यमिक तहको शिक्षक छनोट गर्नुपर्ने भएमा शिक्षा शास्त्र सङ्कायबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषय र तहमा स्थायी नियुक्ति भई परीक्षणकाल पूरा गरेको हुनुपर्नेछ ।

३. माथिल्लो तहमा स्थायी नियुक्ति भएको शिक्षक प्राथमिक र निम्नमाध्यमिक तहको करार शिक्षक छनोट गर्नको लागि योग्य मानिनेछ ।

४. विद्यालय सहायक कर्मचारी छनोट गर्ने प्रयोजनार्थ वाणिज्य शास्त्र सङ्कायबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

५. प्रारम्भिक बालविकास केन्द्र र विद्यालय सहयोगी छनोट गर्ने प्रयोजनार्थ दफा ३ को उपदफा १,२ र ३ मा व्यवस्था भएबमोजिमका विषयविज्ञ प्रयोग गर्नुपर्नेछ ।

**४. अनुमति लिनुपर्नेः**

१.सामुदायिक विद्यालयमा कुनै पनि तहको स्थायी दरबन्दी, राहत दरबन्दी वा अनुदानमा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास केन्द्रको सहजकर्ता, विद्यालय सहायक कर्मचारी तथा विद्यालय सहयोगीको पद रिक्त भएमा विज्ञापन गर्ने प्रयोजनका लागि गाउँपालिकाको कार्यालयबाट अनुमति माग गर्नुपर्नेछ ।

२.सरुवा भई गएका शिक्षक बाहेक अन्य अवस्थामा दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षक पद रिक्त भएमा सम्बन्धित शिक्षक वा कर्मचारीको लिखित राजिनामालाई आधार मानी पदपूर्तिको लागि गाउँपालिकाको कार्यालयले अनुमति प्रदान गर्नेछ ।

३.विद्यालयले रिक्त दरबन्दीमा प्रथम पटक विज्ञापन गर्दा कम्तीमा १५ दिनको समय निर्धारण गर्नुपर्ने र सो रिक्त दरबन्दीमा पदपूर्ति हुन नसकी पुनः विज्ञापन गर्नुपर्ने अवस्था आएमा कम्तीमा ७ दिनको समय थप गरी विज्ञापन गर्नुपर्नेछ ।

४.विद्यालयले रिक्त पदमा विज्ञापन गर्दा गाउँपालिकाको वेवसाइट, सूचनापाटी, विद्यालयको सूचनापाटी, वडा कार्यालयको सूचनापाटी, रेडियो, टेलिभिजन, पत्रपत्रिका वा सार्वजनिक ठाउँमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

**५. उम्मेद्वारको दरखास्त सङ्कलनः**

विद्यालयले रिक्त दरबन्दीमा दरखास्त संकलन गर्दा देहायको मापदण्डलाई आधार मान्नुपर्नेछः

१.प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको उम्मेद्वारको हकमा शिक्षक सेवा आयोग नियमावली(संशोधनसहित), २०५७ लाई आधार मानी सम्बन्धित तह र विषयमा योग्यता र तालिम पूरा गरेका नेपाली नागरिकबाट दरखास्त संकलन गर्नुपर्नेछ ।

२.उम्मेद्वारले पेस गर्नुपर्ने आवेदन फारामको ढाँचा अनुसूची १ मा व्यवस्था भएबमोजिम हुनुपर्नेछ ।

३.उम्मेद्वारहरुको दरखास्त शुल्क अनुसूची २ मा व्यवस्था भएबमोजिम विद्यालयको बैङ्क खातामार्फत सङ्कलन गर्नुपर्नेछ ।

**६. परीक्षा केन्द्रः**

करार शिक्षक छनोट समितिले लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक लगायतका सम्पूर्ण परीक्षाहरु गाउँपालिकाको कार्यालयमा वा गाउँपालिकाको कार्यालयले तोकेको स्थानमा गर्नुपर्नेछ ।

**७. परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्कः**

करार शिक्षक छनोटमा लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क शिक्षक सेवा आयोग नियमावली संशोधनसहित, २०५७ मा व्यवस्था भएबमोजिम हुनेछ ।

**८. अन्तर्वार्ताको अङ्कः**

१.अन्तर्वार्ता बापत बढीमा १५ अङ्क

२.विगु गाउँपालिकाको सम्बन्धित वडामा सञ्चालित विद्यालयको रिक्त स्वीकृत दरबन्दी, राहत दरबन्दी, बालविकास, विद्यालय कर्मचारी तथा अनुदानमा करार शिक्षक पदपूर्ति गर्दा सोही वडाका स्थायी बसोबास भएका उम्मेद्वार भए बढीमा ५ अङ्क र विगु गाउँपालिका अन्तर्गतका अन्य वडाका उम्मेद्वार भए बढीमा ३ अङ्क दिइनेछ ।

३.शैक्षिक योग्यताबापत सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए तीन र द्वितीय श्रेणी भए दुई अङ्क र सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यताभन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितीय श्रेणी भए एक अङ्क दिइनेछ ।

**९.नतिजा प्रकाशनः**

१. सम्बन्धित विषयका विज्ञहरुबाट लिइएको सामान्य परीक्षा, विषयगत परीक्षा तथा अन्तर्वार्ता समेतको अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सफल उम्मेद्वारहरुको योग्यताक्रमका आधारमा अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ ।

२.विद्यालयमा रिक्त रहेको दरबन्दी तथा अनुदानमा शिक्षक छनोट समितिबाट करार शिक्षक छनोट गरिसकेपछि विद्यालय व्यवस्थापन समितिले उक्त शिक्षकलाई एक शैक्षिक सत्रसम्मको लागि करार नियुक्ति प्रदान गर्ने र त्यसपछि क्रमशः ६/६ महिनामा म्याद थप्दै जानुपर्नेछ । यदि शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस तथा पदस्थापन भई आएमा करारमा कार्यरत शिक्षक स्वतः अवकाश हुनेछ ।

**१०.वैकल्पिक उम्मेद्वारसम्बन्धी व्यवस्थाः**

१.सम्बन्धित विद्यालयमा रिक्त रहेको दरबन्दी तथा अनुदानमा दफा (२) बमोजिम गठित समितिले करार शिक्षक तथा कर्मचारी छनोट गरेपश्चात सफल उम्मेद्वारले नतिजा प्रकाशन गरेको मितिले १५ दिनभित्र करार नियुक्ति नलिएमा, निज करारमा नियुक्त भई सो अवधिभित्र राजिनामा दिएमा वा छोडेमा योग्यताक्रमका आधारमा विद्यालय व्यवस्थापन समितिले वैकल्पिक उम्मेद्वारलाई करारमा नियुक्ति गर्नुपर्नेछ ।

**११. पाठ्यक्रम निर्धारणः**

१.सामुदायिक विद्यालयमा करार शिक्षक छनोट प्रक्रिया अगाडि बढाउने प्रयोजनका लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम लागु गर्नुपर्नेछ ।

**१२. विद्यालय सहायक कर्मचारी छनोटका लागि पाठ्यक्रम निर्धारणः**

सामुदायिक विद्यालयहरुमा रहेको विद्यालय सहायक कर्मचारी रिक्त हुँदा वा कुनै विद्यालयमा सो पद सुरुमा कायम गरी दफा २ बमोजिमको समितिले करारमा नियुक्तिका लागि छनोट गर्ने प्रयोजनका लागि देहायको पाठ्यक्रम लागु गर्नुपर्नेछः

- लिखित परीक्षाः ५० पूर्णाङ्क
  - वस्तुगतः ३० अङ्क(प्रतिप्रश्न २ अङ्कभार हुने गरी १५ ओटा प्रश्नहरु सोधन सकिनेछ)
  - विषयगतः २० अङ्क(प्रतिप्रश्न ५ अङ्कभार हुने गरी ४ओटा प्रश्न सोध्न सकिनेछ)
- विषयवस्तुः
  - लेखा तथा कार्यालय व्यवस्थापन सम्बन्धी (वस्तुगत १० ओटा प्रश्न, र विषयगत २ ओटा प्रश्न सोध्न सकिनेछ)
  - खरिद तथा ऐन(संशोधनसहित),२०६३ तथा नियमाली(संशोधनसहित, २०६४(वस्तुगत ३ ओटा प्रश्न र विषयगत १ ओटा प्रश्न सोध्न सकिनेछ)
  - कम्प्युटरसम्बन्धी सैद्धान्तिक ज्ञान(वस्तुगत २ओटा प्रश्न र विषयगत १ ओटा प्रश्न सोध्न सकिनेछ)
- प्रयोगात्मकः(कम्प्युटर) २५ अङ्क
  - देवनागरी टाइपिङः १० अङ्क
  - अङ्ग्रेजी टाइपिङः ५ अङ्क
  - Excel Formula: ५ अङ्क
  - Word: ५ अङ्क
- उत्तीर्णाङ्कः उम्मेद्वारको लिखित र प्रयोगात्मक(कम्पुटर) परीक्षा सहितको पूर्णाङ्क जोड्दा कुल पूर्णाङ्कको ४० प्रतिशत अङ्क ल्याएमा उत्तीर्ण हुनेछ । तर अन्तर्वार्ताका लागि उत्तीर्ण भएकामध्ये उत्कृष्ट ३ जना उम्मेद्वारलाई मात्र सहभागी गराइनेछ ।

❖ अन्तर्वार्तामा मूल्याङ्कन गर्ने आधारः २५ अङ्क

- स्थानीयताः लिखित परीक्षामा सफल भएपछि अन्तर्वार्तामा सहभागी हुने विद्यालय रहेको वडामा स्थायी ठेगाना भएका उम्मेद्वारलाई स्थानीयता बापत ५ अङ्क र विगु गाउँपालिकाभित्रका अन्य वडामा स्थायी ठेगाना भएका उम्मेद्वारलाई स्थानीयता बापत ३ अङ्क प्रदान गरिनेछ ।
- अनुभवः विज्ञापन भएको विद्यालयको आफ्नै स्रोत वा कुनै अनुदानमा वा दरबन्दीमा अविच्छिन्न रुपमा कुनै उम्मेद्वार कार्यरत रहेमा अनुभव बापत वर्षको १ अङ्कको दरले ५ अङ्क प्रदान गरिनेछ ।
- शैक्षिक योग्यताः न्यूनतमम योग्यता बापत प्रथम र द्वितीय श्रेणीलाई क्रमशः ३ र २ अङ्क तथा माथिल्लो शैक्षिक योग्यता बापत प्रथम र द्वितीय श्रेणीलाई क्रमशः २ र १ अङ्क सहित ५ अङ्क प्रदान गरिनेछ ।
- व्यक्तित्वः ३ अङ्क
- विषयवस्तुको ज्ञानः ७ अङ्क

**१३. प्रारम्भिक बालविकास केन्द्रको सहजकर्ता छनोटका लागि पाठ्यक्रम निर्धारणः**

विद्यालयमा प्रारम्भिक बालविकास केन्द्रको सहजकर्ता पद रिक्त भई करारमा नियुक्त गर्ने प्रयोजनका लागि विद्यालय व्यवस्थापन समितिबाट निश्चित कार्यविधि बनाई उक्त कार्यविधि गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखबाट स्वीकृत गरेर विद्यालय आफैंले दफा २ बमोजिम गठित समिति मार्फत छनोट तथा नियुक्ति प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

**१४. विद्यालय सहयोगी छनोटका लागि पाठ्यक्रम निर्धारणः**

विद्यालयमा विद्यालय सहयोगीको पद रिक्त भई करारमा नियुक्त गर्ने प्रयोजनका लागि विद्यालय व्यवस्थापन समितिबाट निश्चित कार्यविधि बनाई उक्त कार्यविधि गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखबाट स्वीकृत गरेर विद्यालय आफैंले दफा २ बमोजिम गठित समिति मार्फत छनोट तथा नियुक्ति प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

**१५. दरखास्त, परीक्षा वा नियुक्ति बदर हुनेः**

१. कुनै पनि उम्मेद्वारले झुठा विवरण पेस गरी दरखास्त दिएमा, परीक्षामा सहभागी भएमा वा नियुक्त भएमा उक्त उम्मेद्वारको दरखास्त, परीक्षा तथा शिक्षक पद स्वतः बदर हुनेछ।

२. उपदफा (१) बमोजिम नियुक्ति बदर भएमा शिक्षकले खाएको तलबभत्ता गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ ।

**१६. बचाउः** यो कार्यविधि जारी हुनुभन्दा अघि गरिएका करार शिक्षक तथा विद्यालय कर्मचारी छनोटसम्बन्धी सम्पूर्ण कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**१७. बाधा अड्काउ फुकाउनेः**

१. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२.यस कार्यविधमा लेखिएको विषय यही कार्यविधि बमोजिम र अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

अनुसूची १

दफा ६ को उपदफा २ सँग सम्बन्धित

## दरखास्तको लागि आवेदन फाराम

| पासपोर्ट साइजको फोटो |
|---|

विद्यालय प्रयोजनका लागिः

- विज्ञापन नं.
- सिम्बोल नं
- तह/ श्रेणीः
- विषयः
- दरबन्दीको किसिमः
- विद्यालयको नामः
- उम्मेद्वारको नाम, थरः (देवनागरीमा) ...........................................................................

  अंग्रेजी ठूलो अक्षरमाः ...........................................................................

- लिङ्गः ..............................................
- नागरिकता नं. .............................. जारी गर्ने जिल्ला ...............................जारी मितिः .....................
- स्थायी ठेगानाः प्रदेशः ................................. जिल्ला............................. गा.पा./ न.पा. .......................
  वडा नं. ................. टोल.............................. सम्पर्क नं. ...........................................................
- बाबुको नाम, थरः ........................................................... पेसा...................................................
- आमाको नाम, थर........................................................... पेसा...................................................
- हजुरबुबाको नाम, थरः ......................................................................
- उम्मेद्वारको जन्ममितिः ............................................ उमेरः

  शैक्षिक योग्यताको विवरणः

| तह | अध्ययन गरेको विद्यालय/ क्याम्पस | उत्तीर्ण गरेको साल | प्राप्ताङ्क प्रतिशत/ GPA |
|---|---|---|---|
| एस.एल.सी/ एस.इ.इ | | | |
| १०+२ | | | |
| स्नातक | | | |
| स्नातकोत्तर | | | |

...................

उम्मेद्वारको दस्तखत

# प्रवेशपत्र

विज्ञापन नं. ................. सिम्बोल नं. ...................

उम्मेद्वारको नाम,थरः ............................................................ लिङ्गः ..............

स्थायी ठेगानाः..............................................उम्मेद्वारको दस्तखतः ...............................

परीक्षाकेन्द्रः ............................................................परीक्षा हुने मितिः ...................................

<u>विद्यालयले भर्नेः</u>

करार शिक्षक छनोट परीक्षा समितिबाट लिइने परीक्षामा सहभागी हुने प्रयोजनका लागि तपाईंलाई यो प्रवेशपत्र प्रदान गरिएकोछ । विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा यो प्रवेशपत्र रद्ध हुनेछ ।

प्रधानाध्यापकको नाम, थर

दस्तखतः

मितिः

विद्यालयको छापः

## अनुसूची २

दफा ६ को उपदफा ३ सँग सम्बन्धित

उम्मेद्वारको दरखास्त शुल्क

| तह | शुल्क रु. | कैफियत |
|---|---|---|
| प्रारम्भिक बालविकास केन्द्र | ७०० | |
| विद्यालय सहायक कर्मचारी वा विद्यालय सहयोगी | ७०० | |
| प्राथमिक(१-५) | १००० | |
| निम्नमाध्यमिक(६-८) | १००० | |
| माध्यमिक(९-१२) | १५०० | |

## अनुसूचीः३

दफा २ सँग सम्बन्धित

पदाधिकारी, विषयविज्ञ तथा कर्मचारीको बैठक भत्ता तथा पारिश्रमिक

| क्र.सं. | पद | कामको विवरण | दर रु. | खाना,खाजा र स्टेश्नरी खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १. | शिक्षा शाखा प्रमुख | प्रति बैठक | १५०० | प्रचलित दर अनुसार | बैठक भत्ता बढीमा ४ ओटाको मात्र |
| २. | परीक्षा सम्बन्धी काममा खटिने प्राविधिक सहायक, स्रोत व्यक्ति तथा अन्य कर्मचारी | प्रति बैठक | १५०० | प्रचलित दर अनुसार | बैठक भत्ता बढीमा ४ ओटाको मात्र |
| ३. | विषयविज्ञ | प्रति बैठक | १५०० | प्रचलित दर अनुसार | बैठक भत्ता बढीमा ४ ओटाको मात्र |
| ४. | कार्यालय सहयोगी | प्रति बैठक | १५०० | प्रचलित दर अनुसार | बैठक भत्ता बढीमा १ ओटाको मात्र |
| ५. | विषयविज्ञ | प्रति सेट वस्तुगत प्रश्न निर्माण | १००० | प्रचलित दर अनुसार | |
| ६. | विषयविज्ञ | प्रति सेट विषयगत प्रश्न निर्माण | ७०० | प्रचलित दर अनुसार | |
| ७. | कम्प्युटर टाइप गर्ने कर्मचारी | वस्तुगत प्रश्नपत्र टाइप | १००० | प्रचलित दर अनुसार | |
| ८. | कम्प्युटर टाइप गर्ने कर्मचारी | विषयगत प्रश्नपत्र टाइप | ७०० | प्रचलित दर अनुसार | |